जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ६५ पृष्ठः ४ | २०८३ असार १५ सोमबार (Monday 29 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मधेशका अधिकांश पालिका समयमै बजेट ल्याउन असफल

**वाहिद हदीस**

वीरगञ्ज, १४ असार। आगामी आर्थिक वर्ष २०८३–८४ को बजेट प्रस्तुत गर्ने कानुनी समयसीमा सकिँदासम्म पनि मधेश प्रदेशका अधिकांश पालिकाले बजेट ल्याउन नसक्दा प्रदेशका स्थानीय तहहरू विगतका वर्षहरूजस्तै यसपटक पनि विवाद र अन्योलको केन्द्रमा परेका छन्। देशभर बजेट प्रस्तुत गर्न नसकेका २८ स्थानीय तहमध्ये उल्लेख्य संख्यामा मधेश प्रदेशका रहेका छन्।

तोकिएको समयमा बजेट नल्याउँदा प्रदेशका स्थानीय तहमा राजनीतिक असमझदारी, प्रशासनिक अस्थिरता र वित्तीय व्यवस्थापन सम्बन्धी समस्या अझै कायम रहेको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रत्येक स्थानीय तहले १० असारभित्र आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट सम्बन्धित नगरसभामा पेस गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ। यसको उद्देश्य १ साउनदेखि विकास योजना, सेवा प्रवाह र प्रशासनिक कामकारबाही कुनै अवरोधबिना सञ्चालन गर्न सकियोस् भन्ने हो। तर, मधेशका केही पालिकामा नगरसभा नै बस्न नसक्दा कानुनले तोकेको समयसीमा उल्लंघन भएको छ।

नेपाल नगरपालिका संघका अनुसार देशभरका ७५३ स्थानीय तहमध्ये ७२५ ले असार १० गतेभित्र बजेट प्रस्तुत गरेका छन् भने २८ स्थानीय तह अझै बजेट ल्याउन असफल भएका छन्। तीमध्ये २९३ नगरपालिकामध्ये २७९ र ४६० गाउँपालिकामध्ये ४४६ वटाले समयमै बजेट ल्याएका छन्। गत आर्थिक वर्षमा करिब ५० स्थानीय तहले समयमै बजेट ल्याउन नसकेकोमा यस वर्ष संख्या घटे पनि मधेश प्रदेशका पालिकामा समस्या भने कायम देखिएको छ।

मधेश प्रदेशमा बजेट प्रस्तुत गर्न नसकेका नगरपालिकामा धनुषाको जनकपुरधाम उपमहानगरपालिका, कमला नगरपालिका र विदेह नगरपालिका, रौतहटका गरुडा, गढीमाई, कटहरिया र फतुवा विजयपुर नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका, सिरहाको सुखीपुर नगरपालिका तथा महोत्तरीको जलेश्वर नगरपालिका रहेका छन्। त्यसैगरी, गाउँपालिकातर्फ पर्साको छिपहरमाई र धोविनी गाउँपालिकाले पनि समयमै बजेट ल्याउन सकेका छैनन्।

पालिकाहरूका अनुसार बजेट ल्याउन नसक्नुमा फरकफरक कारणहरू छन्। मधेश प्रदेशको राजधानीसमेत रहेको जनकपुरधाम उपमहानगरपालिकामा नगर प्रमुख मनोजकुमार साहको अनुपस्थिति, प्रमुख प्रशासकीय अधिकृत लामो समयदेखि कार्यालयमा नियमित नरहनु तथा बजेटको आन्तरिक तयारी पूरा हुन नसक्दा नगरसभा बस्न सकेको छैन।

त्यसैगरी, कमला नगरपालिकामा जनप्रतिनिधिबीचको विवादले बजेट प्रक्रिया अवरुद्ध बनाएको छ भने विदेह नगरपालिकामा अघिल्लो आर्थिक वर्षको लेखा फछ्र्योट नटुङ्गिँदा नगरसभा आयोजना गर्न नसकिएको जनाइएको छ। महोत्तरीको जलेश्वर नगरपालिकामा बजेट बाँडफाँटको विषयमा विवाद चर्किएपछि कार्यालयमा तालाबन्दीसमेत भएको थियो। त्यसपछि नगरसभा प्रभावित भई बजेट प्रस्तुत हुन सकेन। पर्साका छिपहरमाई र धोविनी गाउँपालिकामा पनि जनप्रतिनिधिबीचको विवादले गाउँसभा बस्न नसक्दा बजेट प्रक्रिया रोकिएको छ।

स्थानीय तहमा बजेट समयमै पारित नहुँदा विकास आयोजना, पूर्वाधार निर्माण, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य तथा अन्य नियमित कार्यक्रम प्रभावित हुने जोखिम बढेको छ। बजेट ढिला हुँदा योजना कार्यान्वयन, ठेक्का प्रक्रिया, वित्तीय अनुशासन तथा सेवा प्रवाहमा समेत असर पर्ने भएकाले यसको प्रत्यक्ष प्रभाव स्थानीय नागरिकमाथि पर्ने देखिन्छ।

-बाँकी तीन पेजमा

## पेट्रोलियम पदार्थको मूल्य घट्न केही समय लाग्छ : अर्थमन्त्री



काठमाडौं, १४ असार। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मध्यपूर्व द्वन्द्वका कारण बढेको डिजेल, पट्रोललगायतका इन्धनको मूल्य अब घट्ने बताएका छन्। आइतबार प्रतिनिधिसभा बैठकमा आर्थिक विधेयक, २०८३ माथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा उनले मध्यपूर्वको द्वन्द्व सहज भएकाले अब ती वस्तुहरूको मूल्य पनि घट्ने बताएका हुन्।

अर्थमन्त्री वाग्लेले अन्तर्राष्ट्रिय बजारमा उक्त वस्तुको मूल्य घटेको भए पनि नेपालमा भारतीय आयल निगममार्फत उक्त इन्धन आउन बाँकी रहेकाले हालसम्म त्यसको मूल्य घटाउने अवस्था नरहेको जिकिर गरे। केही समय लागे पनि पेट्रोलियम पदार्थको मूल्य अब घट्नेवाला अवस्थामा रहेको अर्थमन्त्री वाग्लेको भनाइ थियो। उनले भने, 'अहिले मध्यपूर्वको अवस्था सहज हुँदै गयो। अब टाइम ल्याक त हुन्छ। क्रुड प्राइस त घटी नै सक्यो। भारतीय आयल निगममार्फत हामीले जुन

-बाँकी तीन पेजमा

## नेपालबाट भारततर्फ तस्करी हुँदै गरेको २ किलो अफिमसहित दुई नेपाली र एक भारतीय पक्राउ



रौतहट, १४ असार। बारासँग सीमा जोडिएको नेपाल–भारत सीमामा २ किलो अफिमसहित दुई नेपाली नागरिक र एक भारतीय नागरिक पक्राउ परेका छन्। सशस्त्र सीमा बल (एसएसबी) ७१ बटालियनको गोप्य सूचनाका आधारमा शनिबार अपरान्ह एसएसबीको कौरैया क्याम्प, ७१ बटालियन मोतिहारी र महुआवा प्रहरीको संयुक्त टोलीले भारतको पूर्वी चम्पारणस्थित सीमा स्तम्भ नम्बर ३८१ नजिक संयुक्त अपरेसन सञ्चालन गरेको थियो। उक्त स्थान नेपाल–भारत सीमाबाट करिब १५० मिटर भारतीय भूभागभित्र पर्छ।

संयुक्त टोलीले नेपालबाट भारततर्फ तस्करी हुँदै गरेको अवस्थामा २ किलो ( प्याकिङसहित) अफिमजस्तो देखिने पदार्थ र एउटा हिरो होन्डा मोटरसाइकलसहित दुई नेपाली नागरिकलाई नियन्त्रणमा लिएको हो। पक्राउ पर्नेमा नेपालको बारा जिल्लाको लंगडा चोक निवासी ४० वर्षीय दिनेश राम र सोही स्थानका ४१ वर्षीय सोना लाल पासवान रहेको एसएसबि मुख्यालय पिपराकोठी का सहायक कमान्डेन्ट बिश्वजित तिवारीले बताएका छन्।

प्रारम्भिक अनुसन्धानका क्रममा उक्त तस्करीमा भारतको बिहार राज्य, पूर्वी चम्पारण जिल्ला, जितना थाना क्षेत्रअन्तर्गत भवनीपुर गाउँ निवासी ४० वर्षीय लालबाबु सिंहको समेत संलग्नता खुलेपछि उनलाई पनि प्रहरीले पक्राउ गरेको जनाएको छ। बरामद अफिम, मोटरसाइकल तथा पक्राउ परेका तीनै जनालाई आवश्यक कानुनी कारबाहीका लागि महुआवा प्रहरीको जिम्मा लगाईएको एसएसबीका प्रवक्ता बिनित कुमार सिंहले जानकारी दिएका छन्। घटनाबारे थप अनुसन्धान जारी रहेको र नयाँ विवरण प्राप्त भएलगत्तै सार्वजनिक गरिने एसएसबीले जनाइएको छ।




**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## अर्को राष्ट्रिय कलंक नबनोस् !

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महाधिवेशनमा प्रस्तुत सांगठनिक प्रतिवेदनमा ३५ हजार २५७ जना १८ वर्षमुनिका बालबालिका दलको सदस्य रहेको जानकारी दिइएको छ। महामन्त्रीको प्रतिवेदनमा उल्लेखित यो जानकारीबाट नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन र बालअधिकारसम्बन्धी कानुनी व्यवस्थामाथि गम्भीर प्रश्न उठेको देखिन्छ।

राजनीतिक दल सम्बन्धी ऐनमा कुनै पनि राजनीतिक दलको सदस्य बन्न १८ वर्ष उमेर पूरा भएको हुनुपर्ने स्पष्ट व्यवस्था गछ। बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरूले पनि बालबालिकालाई दलगत राजनीतिमा सहभागी गराउन निषेध गरेका छन्। तैपनि, सत्तारूढ दलकै महाधिवेशनमा हजारौं बालबालिकालाई पार्टी सदस्यका रूपमा सार्वजनिक गरिनु प्रचलित कानुनको भावना र अक्षर दुवैको उल्लंघन हो।

दशक लामो सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग नेपालको अन्तर्राष्ट्रिय छविमा लागेको दाग हो। त्यसैगरी बालबालिकालाई राजनीतिक दलको सदस्य बनाउने प्रवृत्तिले पनि नेपालको बालअधिकारसम्बन्धी प्रतिबद्धतामाथि अन्तर्राष्ट्रिय जगत्मा नयाँ प्रश्न उठाउन सक्छ। बालबालिकालाई लोकतन्त्र, नागरिक अधिकार, संविधान र जिम्मेवार नागरिकताको शिक्षा दिनुको तात्पर्य कुनै राजनीतिक दलको औपचारिक सदस्य बनाउनु, दलगत परिचय दिनु वा राजनीतिक शक्ति प्रदर्शनका साधनका रूपमा प्रयोग गर्नु होइन। बालबालिकाको स्वतन्त्र मानसिक विकास अवरुद्ध गरेर तिनलाई दलगत स्वार्थमा प्रयोग गर्नु बालअधिकारको मर्मविपरीत हुन्छ।

रास्वपाका नेताले यसअघि विद्यालयको पोसाकमै विद्यार्थीलाई आन्दोलनमा सहभागी हुन सार्वजनिक आह्वान गरेको घटनाको व्यापक आलोचना भएको थियो। अहिले पार्टीकै प्रतिवेदनमा हजारौँ बालबालिका सदस्य रहेको घोषणा हुनुले विधिको शासनप्रतिको रास्वपाको प्रतिबद्धतामा अर्को प्रश्न उठेको छ। यस विषयमा सरकार र सम्बन्धित दलले पारदर्शी छानबिन गरी त्रुटि सच्याउनु आवश्यक देखिन्छ। प्रतिवेदनमा त्रुटि भएको हो भने त्यसको स्पष्ट व्याख्या आउनुपर्छ तर सदस्यता वास्तविक हो भने कानुनी जवाफदेही पनि तय हुनुपर्छ। सत्तारूढ दल भएकाले रास्वपाबाट अझ बढी कानुनी र नैतिक जिम्मेवारीको अपेक्षा स्वाभाविक हुन्छ।

विगतमा पनि विभिन्न दलहरूले पनि बालबालिकालाई जुलुस, सभा, आन्दोलन र चुनावी कार्यक्रममा सहभागी गराउने गरेका उदाहरण प्रशस्तै छन्। त्यस्तो प्रवृत्तिको आलोचनापछि पछिल्ला दिनमा दलहरू बालअधिकारप्रति अपेक्षाकृत संवेदनशील देखिन थालेका थिए। विडम्बना, पुराना दलको गल्तीबाट सिकेर सुझिने अपेक्षा राखिएको नयाँ दल झन् एक कदम अगाडि देखियो।

विधिको शासन र बालअधिकारप्रति संवेदनशील हुने हो भने सबै राजनीतिक दलले बालबालिकालाई आफ्नो संगठन विस्तारको साधन बनाउने प्रवृत्ति अन्त्य गर्नुपर्छ। निर्वाचन आयोग, राष्ट्रिय बालअधिकार परिषद् र सम्बन्धित दलले पनि कानुनको कार्यान्वयन सुनिश्चित गर्नुपर्छ। यस्ता गम्भीर विषयमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका पनि प्रभावकारी हुनु आवश्यक हुन्छ। बालअधिकार मानव अधिकारकै अभिन्न अङ्ग भएकाले पनि बाल संरक्षण आयोगको जिम्मेवारीमा पर्छ। यस्ता प्रकरणमा मौन रहने हो भने मानव अधिकार आयोगजस्तो निकायको औचित्यमा प्रश्न उठ्नेछ।

बालबालिका कुनै पनि राजनीतिक दलका 'कार्यकर्ता' होइनन्। उनीहरू स्वतन्त्र अधिकार भएका नागरिक हुन् जसको सर्वोत्तम हितको संरक्षण गर्नु राज्य, समाज, परिवार र राजनीतिक दललगायत सबैको साझा दायित्व हो। बाल सैनिकको कलङ्कबाट मुक्त हुने प्रयास गरिरहेको नेपालमाथि बालबालिकालाई दलगत सदस्य बनाउने अर्को कलंक लाग्न दिनु हुँदैन। बालबालिकालाई राजनीतिक प्रतिस्पर्धाको गोटी होइन अधिकारसम्पन्न नागरिकका रूपमा सम्मान गर्नु नै लोकतन्त्रको वास्तविक स्वरूप हो भन्ने चेतना सबैमा पलाओस्।

# प्रदेशसभाबिना कस्तो संघीयता?

**नवीन यादव**

रास्वपाले प्रदेशसभा खारेजीको प्रस्ताव अघि सारेपछि संघीयताको मर्ममाथि गम्भीर प्रश्न उठेको छ। संघीयताको आधारभूत संरचना कमजोर पार्न खोज्नु मधेश आन्दोलनको उपलब्धि र राजनीतिक आकांक्षामाथि प्रहार गर्नु हो। संघीयताको प्रभावकारी कार्यान्वयन र सुदृढीकरणभन्दा पनि रास्वपाभित्र त्यसको औचित्यमाथि नै प्रश्न उठाउने प्रवृत्ति बढ्दै गएको छ।

रास्वपाको चुनावी सफलतामा मधेशको विशेष भूमिका छ। चुनावी अभियानका क्रममा बालेन शाह जनकपुर पुगेका थिए। मधेशी पहिरनसहित उनले स्थानीय भाषामा छोटो तर प्रभावशाली भाषण गरे। त्यो भाषण चुनावी कार्यक्रमको औपचारिक हिस्सा मात्र सावित भएन, मधेशका जनतामाझ एउटा स्पष्ट राजनीतिक सन्देश प्रवाह गर्‍यो। त्यतिबेला बालेनले संघीयताको पक्षमा स्पष्ट धारणा व्यक्त गरेका थिए। मधेशमा उनको अभिव्यक्तिलाई सामान्य राजनीतिक भाषणका रूपमा मात्रै हेरिएन। मधेश आन्दोलन, समावेशिता, पहिचान र स्वशासनको लामो राजनीतिक संघर्षको पृष्ठभूमिमा यसलाई संघीयताको पक्षमा गरिएको प्रतिबद्धताका रूपमा बुझियो।

यसपछि मधेशमा रास्वपाप्रति विश्वासको वातावरण निर्माण भयो। बालेनको लोकप्रियता र संघीयताप्रतिको सकारात्मक सन्देशका कारण मधेशका मतदाताले रास्वपालाई व्यापक समर्थन गरे। मधेश रास्वपामय बन्यो। तर अहिले परिस्थिति फेरिएको देखिन्छ। रास्वपाको संघीयताप्रतिको प्रतिबद्धतामा पुनः प्रश्न उठ्न थालेका छन्। पार्टीभित्र तयार गरिएका विभिन्न नीतिगत दस्तावेज र प्रतिवेदनहरूमा प्रदेशसभा खारेज गर्ने प्रस्ताव समावेश गरिएको छ। विशेषगरी उपसभापति स्वर्णिम वाग्लेले तयार पारेको 'अर्थराजनीतिक प्रस्तावना' मा प्रदेशसभा खारेजीको विषय उल्लेख छ। अर्थात्, रास्वपा प्रदेशसभा खारेजीको पक्षमा रहेको देखिन्छ।

संघीयताको मूल आधार प्रदेश हो। प्रदेशबिनाको संघीयता इन्जिनबिनाको गाडी जस्तै हो। र, प्रदेशसभाबिनाको संघीयता नेपालको पुरानो प्रशासनिक संरचना–अञ्चल र विकास क्षेत्र जस्तै हो। संघीयताको मर्मअनुसार प्रदेश राजनीतिक स्वशासनका लागि निर्माण गरिएको संवैधानिक संरचना हो। यो स्वायत्त सरकार हो। प्रदेशसभाले प्रदेशको जनमतलाई प्रतिनिधित्व गर्छ। प्रदेश सरकारलाई वैधानिकता प्रदान गर्छ र स्थानीय आवश्यकता तथा प्राथमिकताअनुसार नीति निर्माण गर्ने अधिकार राख्छ। यदि प्रदेशसभा नै हटाइयो भने प्रदेशको राजनीतिक अस्तित्व अर्थहीन बन्छ। व्यवस्थापिकाविहीन प्रदेश वास्तविक अर्थमा प्रदेश होइन। केवल एउटा प्रशासनिक एकाइ मात्र हो। यदि प्रदेशलाई केवल प्रशासनिक संरचनामा सीमित गरिन्छ भने त्यो संघीयता होइन। केन्द्रबाट सञ्चालित पुरानै एकात्मक शासन व्यवस्थाको परिमार्जित रूप हुनेछ।

संघीयताको आलोचना गर्नेहरूले प्रायः प्रदेश सरकारहरू प्रभावकारी हुन नसकेको तर्क गर्छन्। यो तर्क पूर्ण रूपमा आधारहीन भने होइन। प्रदेश सरकारहरूले अपेक्षित उपलब्धि दिन नसकेको गुनासो व्यापक रूपमा सुनिन्छ। प्रशासनिक जटिलता, नीति निर्माणमा कमजोरी, स्रोतको अभाव तथा राजनीतिक अस्थिरताका कारण प्रदेश सरकारहरूको कार्यसम्पादन सन्तोषजनक हुन नसकेको सत्य हो।

यद्यपि, समस्या संघीयताको सिद्धान्तमा छ कि यसको कार्यान्वयनमा ? कुनै पनि प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन नै नगरी असफल घोषणा गर्न मिल्दैन। नेपालको संघीयता अझै पनि संक्रमणकालीन अवस्थामै छ। संविधानले प्रदेशलाई दिएका धेरै अधिकार व्यवहारतः संघकै नियन्त्रणमा छन्। यस्तो अवस्थामा प्रदेशहरू अपेक्षित रूपमा सफल हुन सकेनन् भनेर संघीयताको अवधारणालाई नै असफल ठहर गर्नु न्यायोचित हुँदैन। कुनै बिरुवालाई पर्याप्त पानी, मल र घाम नदिई त्यसले फल दिएन भनेर दोष दिनु जस्तै हो। संघीयतालाई पूर्ण अधिकार, पर्याप्त स्रोत र संस्थागत समर्थन दिएपछि मात्र यसको वास्तविक मूल्यांकन सम्भव हुन्छ।

हुन त रास्वपाका अधिकांश शीर्ष नेताहरू संघीयताप्रति सुरुदेखि नै इमानदार थिएनन्। त्यसैले रास्वपाले २०७९ को निर्वाचनमा प्रदेशसभातर्फ उम्मेदवारी नदिई प्रदेश निर्वाचनलाई बहिष्कार गरेको थियो। तर जेन–जी विद्रोहपछि उत्पन्न राजनीतिक माहोललाई ध्यानमा राख्दै पार्टीले आफूलाई संघीयताको पक्षधर देखाउने जमर्को गरेको थियो। मधेशलगायत संघीयताप्रति आशावादी समुदायहरूको समर्थन प्राप्त गर्न उसले संघीयताप्रति प्रतिबद्ध रहेको सन्देश दियो। तर अहिले आएर पुनः प्रदेशसभा खारेजी भन्दै संघीय संरचना नै कमजोर बनाउने मार्ग समातेको छ। यस प्रवृत्तिलाई मधेशसँग गरिएको राजनीतिक अन्तर्घात भन्नु अतिशयोक्ति हुँदैन। किनभने, मधेश आन्दोलनको मुख्य उपलब्धिमध्ये संघीयता पनि एक हो, जसले राज्यशक्तिको केन्द्रीकरण तोड्ने र ऐतिहासिक रूपमा उपेक्षित समुदायहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने उद्देश्य बोकेको छ। त्यसैले संघीयताको आधारभूत संरचनामाथि प्रहार गर्नु मधेशको राजनीतिक आकांक्षामाथि नै प्रहार गर्नु हो।

रास्वपाले बुझ्नुपर्छ– संघीयता सजिलै प्राप्त भएको व्यवस्था होइन। यो कुनै प्रशासनिक प्रयोग वा प्राविधिक संरचना मात्र पनि होइन, जसलाई राजनीतिक सुविधाअनुसार राख्न वा हटाउन सकियोस्। संघीयता राज्यको चरित्र, शक्ति संरचना, पहिचान, प्रतिनिधित्व र लोकतान्त्रिक पुनःसंरचनासँग जोडिएको राजनीतिक आवश्यकता हो। संघीयता ऐतिहासिक रूपमा बहिष्कृत तथा सीमान्तकृत समुदायहरूले दशकौंसम्म गरेको संघर्ष, प्रतिरोध र बलिदानको उपलब्धि हो। मुख्यतः संघीयता मधेश आन्दोलनको देन हो। संघीयताको प्राप्तिका लागि भएको संघर्षमा कैयौं नागरिकले ज्यान गुमाएका छन्।

संघीयता 'सेतो हाती' हो भन्ने तर्क पनि व्यापक रूपमा सुनिन्छ। अर्थात् संघीयताका कारण राज्यको खर्च अत्यधिक बढेको छ भन्ने धारणा प्रस्तुत गरिन्छ। तर यस्तो बुझाइ तथ्यभन्दा बढी अनुमान र पूर्वाग्रहमा आधारित देखिन्छ। वास्तविक तथ्यांकले त्यस्तो चित्र प्रस्तुत गर्दैन। किनकि, कुल प्रशासनिक खर्चको पाँच प्रतिशत पनि प्रदेश तहमा खर्च हुँदैन। यदि खर्चकै आधारमा राजनीतिक संरचना निर्धारण गर्ने हो भने लोकतन्त्र स्वयं पनि महँगो व्यवस्था हो। निर्वाचन महँगो हुन्छ, संसद् महँगो हुन्छ, न्यायपालिका महँगो हुन्छ, संवैधानिक निकायहरू महँगा हुन्छन्। तर लोकतन्त्रको मूल्य खर्चले होइन, त्यसले सुनिश्चित गर्ने अधिकार, प्रतिनिधित्व र सहभागिताले निर्धारण गर्छ। संघीयताको मूल्यांकन पनि त्यही आधारमा हुनुपर्छ।

यद्यपि, रास्वपाले चाहँदैमा अहिले नै प्रदेश संरचना परिवर्तन वा समाप्त गर्न सक्दैन। त्यसका लागि संविधान संशोधन आवश्यक पर्छ, जसका लागि अन्य राजनीतिक दलहरूको पनि पर्याप्त समर्थन चाहिन्छ। वर्तमान राजनीतिक परिस्थितिमा त्यस्तो समर्थन जुट्ने सम्भावना न्यून देखिन्छ। तर यसले एउटा राजनीतिक सत्यलाई भने ढाक्न सक्दैन– रास्वपा संघीयताप्रति सकारात्मक दृष्टिकोण राख्ने दल होइन। उसका पछिल्ला राजनीतिक दस्तावेज, अभिव्यक्ति र प्रस्तावहरूले संघीयतालाई थप सुदृढ बनाउनेभन्दा पनि क्रमशः कमजोर पार्दै अन्ततः समाप्त गर्ने दिशातर्फ उन्मुख रहेको आशंका प्रवाह गर्छन्। संघीयताको प्रभावकारी कार्यान्वयन, अधिकारको थप हस्तान्तरण र प्रदेशहरूको सुदृढीकरणभन्दा पनि त्यसको औचित्यमाथि नै प्रश्न उठाउने प्रवृत्ति रास्वपाभित्र दिन प्रतिदिन स्पष्ट हुँदै गएको छ।



संघीयताको मूल मर्म भनेको शक्तिको विकेन्द्रीकरण, स्वशासनको सुनिश्चितता र राज्यका विभिन्न तहबीच अधिकारको बाँडफाँट हो। यदि प्रदेश तहलाई नै कमजोर बनाइन्छ भने शक्ति पुनः संघ (केन्द्र) मै केन्द्रित हुन्छ र संघीयताको सार समाप्त हुन्छ। यही कारण प्रदेशसभा खारेजीको प्रस्ताव संघीयता सुधारको प्रस्ताव होइन। संघीय संरचना नै समाप्त बनाउने प्रस्ताव हो।

# ओली, प्रचण्ड, माधव र झलनाथको सन्देश : एक हुन आवश्यक, मञ्चबाटै 'घोचपेच'

**कुञ्जरमणि भट्टराई**

काठमाडौं, १४ असार। देशका चार पूर्वप्रधानमन्त्री र एक पूर्वराष्ट्रपति आइतबार एकै मञ्चमा उभिए। मदन भण्डारीको ७५औँ जन्मजयन्तीको अवसरमा आयोजित कार्यक्रमले पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल, झलनाथ खनाल तथा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई एकै मञ्चमा जोड्यो। मदन भण्डारी फाउन्डेसनले आयोजना गरेको कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारी प्रमुख अतिथि थिइन्। उनले दुई पार्टीको नेतृत्वकर्ता चार पूर्वप्रधानमन्त्रीलाई एक ठाउँमा उभ्याएकी हुन्।



लामो समयदेखि चार नेताहरू एउटै मञ्चमा देखिएका थिएनन्। २०७४ को चुनावी एकता र त्यसपछि बनेको नेकपा छिन्नभिन्न भएयता एकअर्कामा दोषारोपण र कटाक्ष गर्दै आइरहेका छन्। अब पार्टी एकता गर्न लागेको चर्चा चलिरहेको छ। त्यो विषयमा बोल्दा नेताहरूबीच घोचपेच भयो। सवाल–जवाफ पनि भए। मञ्चमा उभिएका चार पूर्वप्रधानमन्त्रीले राष्ट्रियतामाथि प्रहार भएको निष्कर्ष सुनाए। प्रतिगनमन भएको भन्दै त्यसविरुद्ध कार्यगत एकताबाट अघि बढ्नुपर्ने आवश्यकता औँल्याए। उनीहरूले एक हुँदै अघि बढ्नुपर्ने सन्देश दिएका छन् ।

कार्यक्रमको सुरुमा बोलेका नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का वरिष्ठ नेता समेत रहेका पूर्वप्रधानमन्त्री झलनाथ खनालले पार्टी एकताको जग नै आजको कार्यक्रमलाई बनाउनुपर्नेमा जोड दिए। विगतमा एक नेताले अर्को नेतालाई भेट्दा कुल्ला गर्नुपर्ने अवस्था आएकोप्रति चिन्ता व्यक्त गरेर एकताको विकल्प नै नभएको धारणा राखे।

"निकै लामो समयदेखि आज दुई वामपन्थी दलका नेताहरू यहाँ उपस्थित हुनुभएको छ। कतिपय मान्छेलाई आश्चर्य लागेको हुनसक्छ। वामपन्थी एकता आज मात्रै होइन," उनले भने, "अनेकन कालदेखि आवश्यक थियो। तर, बीचको कालखण्डमा हामीहरूमा कहिले सिङ पलायो, कहिले जुरो पलायो। कहिले अरूअरू केके पलायो, त्यसले एकताबद्ध हुन सकेन।"

उनले अब एकताको बाध्यात्मक अवस्था आएको औँल्याए। "हामी वामपन्थीहरू फेरि एकताबद्ध हुँदै छौँ। कमसेकस आज विचार गोष्ठीमा एकताबद्ध भयौँ। अब यही दिनबाट वामपन्थी एकतालाई दीर्घकालीन रूपले अघि बढाउने कामको थालनी गरौँ," उनले भने।

०८२ फागुन २१ को निर्वाचनमा कम्युनिस्ट पार्टी मिलेर चुनाव लडेको भए सय सिट आउने हिसाब समेत खनालले सुनाएका थिए। नेकपाका सह–संयोजक समेत रहेका माधव नेपालले गम्भीर आत्मसमीक्षाको आवश्यकता औँल्याए। "एउटा पार्टीको निम्ति मात्रै होइन, नेपालका जति पनि कम्युनिस्ट घटकहरू छन्, ती सबैले आ–आफ्नो पार्टीभित्र आत्ममन्थन गर्नुपर्छ, आत्मचिन्तन गर्नुपर्छ," नेपालको निष्कर्ष छ।

नेपालले भावनामा बहकिएर एकता गर्न नहुने धारणा राखे। "अहिले चर्चामा आउने गरेको छ, कम्युनिस्ट पार्टी आजै मिले, भोलि मिले, बिहानबेलुकै मिले," उनले भने, "यो प्रश्नको जवाफ दिँदा त मेरो पनि दिमाग खराब भइसकेको छ। म त्यस्तो देखिरहेको छैन।" उनले मिल्ने कुरा मात्रै ठूलो नभएर बलियो, सिद्धान्तनिष्ठ एकता हुनुपर्नेमा जोड दिए। "सबैभन्दा पहिलो कुरा त सहकार्य गर्ने नै हो। नमिलेका विषयमा मिलेर अगाडि बढ्ने हो। विचार मिल्दै, मन, भावना मिल्दै गएपछि एकता हुने हो। आज मिलेको छ, भोलि फुटेको छ। त्यस्तो नहोस्। हिजो पनि त्यस्तो भएको थियो," नेपालले भने।

त्यसपछि बोलेका नेकपाका संयोजक समेत रहेका प्रचण्डले वामपन्थी शक्ति छिटो एक नभए गल्ती हुने धारणा राखे। "हामी ढिलो नगरीकन भन्न चाहन्छु– राष्ट्रिय स्वाधीनताका पक्षमा, निरंकुशताका विरुद्ध, फासिजमका विरुद्ध, वैदेशिक दबाब र हस्तक्षेपका विरुद्ध छिटोभन्दा छिटो वामपन्थी र देशभक्तिहरू एक हुनुपर्छ। ढिला गर्नु गल्ती हुन्छ," उनले भने। प्रचण्डले अहिले प्रतिक्रियावादीहरूको मूल 'टार्गेट' नै कम्युनिस्ट पार्टी सिध्याउने भन्नेमा रहेको सुनाए। "अहिले देशमा ठूलो राजनीतिक घटनाक्रम २०८२ भदौ २४ गते यताका कुरा हेर्दा प्रतिकान्तिकारी घटनाक्रम अघि बढिरहेको छ। राष्ट्रिय स्वाधीनता निकै ठूलो संवेदनशीलाता र संकटमा परेको महसुस भएको छ। निर्वाचन पनि कहीँ न कहीँ त्यही कडीको रूपमा प्रस्तुत भइराखेको छ। सरकार संविधानको आधारभूत कुरामाथि प्रहार गर्न उद्धत भएको देखिँदै गएको छ। मूल टार्गेट कम्युनिस्ट कसरी सिध्याउन सकिन्छ भन्ने छ। प्रतिक्रियावादी लागिरहेका छन्," प्रचण्डले भने। उनले आत्मसमीक्षा जरुरी भएको सुनाए। उनले क्रमभंगता गरेर एकतामा नै अघि बढ्नुपर्नेमा जोड दिए।

### माधवलाई प्रचण्डको जवाफ– बेलुकै एकता गर्ने भनेको छैन

प्रचण्डले बेलुकै एकता हुन्छ भनेर आफूले नभनेको भन्दै सह–संयोजक नेपाललाई जवाफ दिए। आफूले सहकार्य चाहिँ आजै गरौँ भनेको धारणा राखे। "यहाँ केही साथीहरूले पार्टी एकता गरिहाल्ने भन्नुभयो, बुझ्नै सकिएन। मलाई अनौठो लाग्छ। मैले कहीँ पनि भोलि नै एकता गरौँ। बेलुकै पार्टी एकता गरिहालौँ भनेको छैन," प्रचण्डले भने, "सकिन्छ भने सहकार्य चाहिँ आजै गरौँ, भरे सकिन्छ भने भरे गरौँ। भोलि सकिन्छ भने भोलि गरौँ। सदनमा गरौँ। चुनावमा गरौँ, सडकमा गरौँ।"

### ओलीको जवाफ : पार्टी एकताका निम्ति एमाले आफ्ना नीतिबारे छलफल गर्दैन

नेताहरूले पार्टी एकताका निम्ति नीतिबारे छलफल आवश्यक रहेको धारणा राखेका थिए। आत्मसमीक्षा गर्दै नीतिबारे बहस गरेर मात्रै एकतामा पुग्न सक्ने जोड नेपालसहितका नेताहरूको थियो। एमाले अध्यक्ष ओलीले पार्टीले लिएको नीति सही रहेको दाबीसहित छलफल नै नहुने जवाफ दिए। "एमाले हाम्रा नीति सही छन् कि छैनन् भनेर कुनै एकता/एकीकरणका लागि छलफल गर्ने पक्षमा छँदैछैन। हाम्रा नीति बिल्कुल सही छन्। हामीले राजनीतिक, आर्थिक, समाजिक, सांस्कृतिक नीतिहरू अनेक पक्षमा सही निर्धारण गरेर जनताको बहुदलीय जनवादको प्रकाशमा बहुदलीय जनवादलाई समसामयिक ढंगले अझ प्रभावकारी, समयानुकूल बनाउँदै समाजवाद के हो भन्ने कुरा जोसुकैले बुझ्नै गरी समृद्ध नेपाल सुखी नेपालीको गन्तव्य हो," उनले भने ।

ओलीले प्रतिगमनका विरुद्ध लोकतान्त्रिक र वामपन्थी एक हुनुपर्ने धारणा राखे। "आज हामी यतिबेला कहाँबाट समाजवाद निर्माण गर्नु ? यहाँ प्रतिगमन गरेर हैरान छ, यतिबेला प्रतिगमनलाई पराजित गर्नु मुख्य काम हो। सबै लोकतान्त्रिक वामपन्थी शक्ति मिलेर कार्यगत एकताका माध्यमबाट जानैपर्छ र प्रतिगमनलाई पराजित गर्नैपर्छ," ओलीले भने। ओलीले भदौ २३ मा लोकतन्त्र नै सिध्याउने गरी षड्यन्त्र भएको बताए। उनले कांग्रेसलाई पनि षड्यन्त्र गरेर फुटाइएको दाबी गरे।

### चुनावका बेला आफ्नो लाइनमा नहिँडेकामा ओलीको कटाक्ष

ओलीले आफूहरूले गल्ती नगरेको तर जनतामा आक्रोश पैदा गरिएको बताए। उनले प्रतिगमनलाई मान्यता दिन नै फागुन २१ को चुनाव गर्न लागिएको र त्यसमा नजाऔँ भनेर आफूहरूले 'कन्भिन्स' गर्न नसकेको सुनाए। एमालेलाई मात्रै भिरको बाटो ठानेका दलहरू एकैठाउँमा आइपुगेको भन्दै कटाक्ष गरे।

"प्रतिगमनलाई सदर गर्न, सही ठहऱ्याउन र वैधता दिनका लागि विघटन गरेको संसद्को फेरि दुई–चार महिनामै चुनाव गरियो। अवैध क्रियाकलापलाई मान्यता दिन, लोकतान्त्रिक र वामपन्थीलाई किनारा गर्ने षड्यन्त्रस्वरूप पहिल्यै परिणाम घोषणा गरेर प्रतिकूल अवस्थामा निर्वाचन गरियो," ओलीले भने, "एमालेले त्यसबेला वामपन्थी, लोकतान्त्रिक शक्तिलाई आग्रह गऱ्यौँ– यो निर्वाचन प्रतिगमनलाई संस्थागत गर्न र प्रतिगनलाई अरु अघि बढाउन निर्वाचनको आयोजना हुँदैछ, यसलाई स्थगित गरेर जाऔँ भन्दा कन्भिन्स गर्न कसैलाई सकेनौँ। एमालेका लागि भिरको बाटो हो, हाम्रो लागि हाइवे हो भन्ठाने साथीहरूले, हाइवेमा हिँड्दाहिँड्दै सबै एउटै बाटोमा आइपुग्यौँ।"

उनले प्रतिगनको सिलसिला अघि बढिरहेको बताए। प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले भारतको भूमि मिच्यौँ भनेर देशविरुद्ध अभिव्यक्ति दिएको बताए। रास्वपाको चितवन महाधिवेशनमा गएर प्रधानमन्त्रीले दिएको अभिव्यक्तिले त्यसको खण्डन नभएको बताए। उता, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले एउटा चुनावको नतिजाले नै कम्युनिस्ट आन्दोलनबारे निष्कर्षमा पुग्न नहुने धारणा राखिन्।

"हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामले कम्युनिस्ट शक्तिहरूका सामु आफ्ना कार्यशैली, प्राथमिकता र जनसम्बन्धलाई अझ प्रभावकारी बनाउने अवसर प्रदान गरेको छ। यस सन्देशलाई हामीले गम्भीरतापूर्वक ग्रहण गर्न आवश्यक छ," उनले भनिन्, "तर, कुनै एउटा निर्वाचन परिणामका आधारमा जनताको बहुदलीय जनवादको सान्दर्भिकता वा कम्युनिस्ट आन्दोलनको भविष्यबारे हतारमा निष्कर्ष निकाल्नु उचित हुँदैन।" जनताले दिएको सन्देशलाई ग्रहण भने गर्नुपर्ने धारणा राखिन्। कम्युनिस्ट आन्दोलनले नीति तथा कार्यक्रमलाई समयानुकूल बनाउनुपर्ने भनाइ उनको छ।




## मधेशका अधिकांश...

गत वर्षको तुलनामा देशभर समयमै बजेट ल्याउने स्थानीय तहको संख्या बढे पनि मधेश प्रदेशका धेरै पालिकामा दोहोरिँदै आएको राजनीतिक विवाद, प्रशासनिक नेतृत्वको अभाव, बजेट बाँडफाँटमा सहमति नजुट्नु तथा आन्तरिक तयारी कमजोर रहनुले प्रदेशको स्थानीय शासन प्रणालीमाथि प्रश्न उठाएको छ। कानुनले तोकेको समयसीमा पालना गर्न नसक्नु केवल प्रक्रियागत कमजोरी मात्र नभई सुशासन, जवाफदेहिता र विकास व्यवस्थापनमा देखिएको चुनौतीको संकेतका रूपमा पनि हेरिएको छ।

## पेट्रोलियम पदार्थको ...

इन्धन आयात गर्ने गरेका छौं। त्यो एकजस्ट भएर नेपालमा आउन केही समय लाग्ला। तर मूल्य अब घटनेवाला छ।'

अर्थमन्त्री वाग्लेले आफूले अर्थमन्त्री हुने बित्तिकै उक्त इन्धनको मूल्य घटाउनका लागि पहल गरेको दाबी समेत गरे।

# लागु औषधसहित दुईजना पक्राउ

**जयकृष्ण यादव**

इनरुवा, १४ असार। जिल्ला प्रहरी कार्यालय सुनसरीले लागु औषध ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ। धरान उपमहानगर पालिका १६ बाट धरान उप–महानगरपालिका वडा नं.१३ घर भई धरान १६ मा कोठा भाडा लिई बस्दै आएका ३३ वर्षीय बिक्की राई र जिल्लाको हरिनगर गाउँपालिका वडा नम्बर–२ का २३ वर्षीय अरबाज मियाँलाई पक्राउ गरेको हो । प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काका अनुसार राई र मियाँको साथबाट सत्ताईस ग्राम दुई सय मिलिग्राम लागु औषध ब्राउनसहित पक्राउ गरेको हो। लागु औषध र नम्बर प्लेट नभएको एनएस मोटरसाइकल एक थान सहित नियन्त्रणमा लिई लइलाका प्रहरी कार्यालय धरानमा ल्याई थप अनुसन्धान गर्ने कार्य भइरहेको जनाएको छ।

# अन्डरकभर शैलीमा सीमामा गृहमन्त्रीको छड्के



काठमाडौं, १४ असार। गृहमन्त्री सुधन गुरुङको भिडियो तथा तस्वीरहरू अहिले सामाजिक सञ्जालमा भाइरल बनेको छ। कालो क्याप, कालो चस्मा, निलो मास्क, सेटो भेस्ट, कालो हाफ पाइन्ट लगाएर बिन्दास तरिकाले लखर-लखर सीमा क्षेत्रका नाकाहरूमा हिँडेको भिडियो तथा तस्वीरहरू अहिले भाइरल बनेका छन्।

तराई क्षेत्रका केही स्थानीयबासीसँग डुल्दै गरेको, केही बुझेको तथा कुराकानी गरेको भिडियोहरू सार्वजनिक भएका छन्। ती भिडियो तथा तस्वीरहरू गृहमन्त्री सुटुक्क नेपाल-भारत सीमा क्षेत्रका ठाउँहरुमा छड्के अनुगमन गर्न जाँदाका हुन्। विशेषगरी बारा, पर्साका सीमा नाकाहरूका स्थानीयबासीसँग कुराकानी गर्दै सीमा नाका र त्यस ठाउँहरूबाट हुने अवैध भन्सार छली तथा तस्करीबारे बुझ्ने काम गरेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महाधिवेशमा चितवन गएका गृहमन्त्री गुरुङ त्यहाँबाट शुक्रबार राति बाराको पथलैया पुगेका थिए। यसबारे उनले कसैलाई पनि जानकारी गराएका थिएनन्। शुक्रबार राति सिमराको एक होटलमा बसे। त्यतिबेला पनि उनले तराईको सुरक्षा अवस्था र विशेषगरी सीमा क्षेत्रबाट हुने तस्करीबारे चासो राख्दै बुझ्ने काम गरेका थिए।

शनिबार बिहानैबाट उनी पर्साका सीमा नाकाहरुमा पुगे। त्यहाँका स्थानीयहरुसँग बुझ्ने काम गरे। सीमा नाकाको अनुगमन गरे। तर यसबारे गृहमन्त्रीले बारा, पर्साका सुरक्षाका निकाय तथा प्रमुख जिल्ला अधिकारीलाई भने कुनै पनि जानकारी गराएका थिएनन्। पर्सनल सेक्युरेटी अफिसर ( पीएसओ) सँग निजी गाडीमा उनी सीमा क्षेत्र घुम्दै स्थानीयसँग संवाद गर्दै हिँडेको सार्वजनिक भिडियोमा देखिन्छ। त्यसपछि उनी सिमराबाट शनिबार साँझपख हवाईमार्ग हुँदै काठमाडौं आएका थिए।

भारतसँग सीमा जोडिएका तराईका जिल्लाहरूबाट भन्सार छली तथा तस्करी हुने गरेको विषयहरू बारम्बार सार्वजनिक हुँदै आएका छन्। अझ विशेष गरी मधेश प्रदेशका जिल्लाहरूबाट तस्करी हुने गरेको गुनासो आउने गरेको छ। त्यसो त तराईका यस्ता जिल्लाहरूमा जान एसपीहरूबीच अस्वस्थ प्रतिस्पर्धा पनि चल्दै आएको छ। गृहमन्त्रीले कसैलाई पत्तो नै नदिई सुटुक्क छड्के गरेको पाइएपछि सुरक्षा निकायमा तरंग पैदा भएको छ। एउटा उनको सुरक्षाको विषयलाई लिएर तरंग भएको छ भने गृहमन्त्री स्वंयम जानकारी नै नदिई सीमा नाकामा छड्के गरेपछि जिल्लामा खटिएका सुरक्षा अधिकारीहरूमाथि पनि अप्रत्यक्ष रुपमा त्यसको मनोवैज्ञानिक दबाब पर्ने सुरक्षाका जानकारहरू बताउँछन्।

'एउटा मन्त्रीको सुरक्षाको विषय हुने भयो। अर्को चाहिँ सीमा क्षेत्रमा सुटुक्क छड्के जाँदा तस्करी हुने जिल्लाका पुलिसहरूलाई टाउको दुख्ने भयो' एक पूर्वडीआईजी भन्छन्, 'तराईमा बेला-बेलामा मन्त्रीस्तरबाटै यस्तो छड्के हुने हो भने तस्करी पनि धेरै हदसम्म नियन्त्रण हुन्छ।' अघिल्लो पटक गृहमन्त्री बन्दा बिहानै गुड मर्निङ भन्दै काउन्ट सुरु गर्नेदेखि पक्राउ पुर्जी तथा पक्राउ परेको जानकारी सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका गृहमन्त्री गुरुङ अहिले भने शान्त भएर काम गरेको देखिन्छ।

गृहमन्त्री लगत्तै एक्सनमा उत्रिए केपी शर्मा ओलीदेखि रशेम लेखकसम्म पक्राउ गर्दै त्यसबारे फेसबुकबाटै गृहमन्त्री गुरुङले जानकारी गराउँदै आएका थिए। त्यसपछि हरेकजसो बिहान उनले गुड मर्निङ भन्दै काउन्ट डाउन समेत गर्थे। तर सम्पत्ति तथा शेयर सम्बन्धी विवादपछि राजीनामा दिएर बाहिरिएका उनी छानबिनपछि पुनः गृहमन्त्री बनेका छन्। यद्यपि छानबिन समितिको प्रतिवेदन भने अहिलेसम्म सार्वजनिक हुन सेकेको छैन।

उनै गृहमन्त्री गुरुङ अहिले भने शैली फेरेर अन्डरकभर रूपमा छड्के जानेदेखि शान्त भएर धेरै सोच बिचार गरेर मात्रै एक्सन लिने गरेको देखिन्छ।

# वीरगन्ज सहरका विभिन्न स्थानमा फोहोर थुपारेर सरसफाइकर्मीको प्रदर्शन



**तिवारी यादव**

वीरगन्ज, १४ असार। वीरगन्ज महानगरपालिकाका सरसफाइ कर्मचारीहरूले न्यूनतम पारिश्रमिक, श्रम अधिकार तथा प्रशासनिक सुधारको माग राख्दै आइतबारदेखि आन्दोलन सुरु गरेका छन्। आन्दोलनका क्रममा कर्मचारीहरूले सहरका विभिन्न स्थानमा फोहोर थुपारेर विरोध प्रदर्शन गरेका हुन्। मुख्य चोकहरूमा फोहोर थुपारेर विरोध जनाएपछि केही समयका लागि आवागमन प्रभावित भएको थियो भने महानगरको सरसफाइ व्यवस्थापनसमेत प्रभावित बनेको छ।

आन्दोलनरत कर्मचारीहरूले दैनिक ज्याला कम्तीमा एक हजार रुपैयाँ तथा मासिक पारिश्रमिक ३० हजार रुपैयाँ कायम गर्नुपर्ने माग गरेका छन्। बढ्दो महँगीका कारण हाल प्राप्त पारिश्रमिकले दैनिक जीवनयापन गर्न कठिन भएको उनीहरूको भनाइ छ। उनीहरूले प्रत्येक महिनाको १० गतेभित्र अनिवार्य रूपमा तलब भुक्तानी गर्नुपर्ने, श्रम ऐनअनुसार सातामा एक दिन साप्ताहिक बिदा सुनिश्चित गर्नुपर्ने तथा छठ र होलीजस्ता प्रमुख सांस्कृतिक पर्वमा विशेष बिदाको व्यवस्था गर्नुपर्ने माग पनि अघि सारेका छन्।

यस्तै, कुनै कर्मचारीको परिवारमा मृत्यु वा विवाहजस्ता विशेष अवस्था परेमा १० हजार रुपैयाँ पेस्की उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने, सबै सरसफाइ कर्मचारीलाई पोसाक (ड्रेस) तथा आधिकारिक परिचयपत्र उपलब्ध गराउनुपर्ने मागसमेत उनीहरूले गरेका छन्।

# जनकपुरधामलाई हरियाली बनाउन दुई हजार वृक्षारोपण

**विजयकुमार साह**

ढल्केबर, १४ असार। जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रमा दुई हजार वृक्षरोपण गरेका छ। सहरलाई हरियाली तथा वातावरणमैत्री बनाउने उद्देश्यले वृक्षरोपण गरिएको हो। आइतबार जनकपुरधाम उपमहानगरका नगर प्रमुख मनोजकुमार साह र पर्यावरण अभियन्ता सुरेश शर्माले संयुक्तरूपमा वृक्षरोपण गरेर यसको शुभारम्भ गर्नुभयो। नगर प्रमुख साहले उपमहानगरपालिको थापा चोकदेखि मुजेलियासम्मको सडक खण्डमा विभिन्न प्रजातिका दुई हजार बिरुवा रोपिएको बताउनुभयो। रोपिएका बिरुवाको संरक्षणका लागि फलामे घेरासमेत राखिएको उहाँले जानकारी दिनुभयो।

नगर प्रमुख साहले बढ्दो सहरीकरणका कारण हरियाली क्षेत्र घट्दै गएकाले नगरलाई हराभरा बनाउने योजना अन्तर्गत वृक्षरोपण अभियान अघि बढाइएको बताउनुभयो। उहाँका अनुसार वृक्षरोपणलाई एकदिने कार्यक्रमका रूपमा सीमित नराखी चरणबद्ध रूपमा नगरभर विस्तार गरिने जानकार दिनुभयो। उहाँले अर्को चरणमा जिल्ला प्रशासन कार्यालयदेखि जिल्ला अदालत हुँदै भैरव चोकसम्मको सडक क्षेत्रमा वृक्षारोपण गरिने बताउँदै सार्वजनिक स्थान, सडक किनार र सरकारी खाली जग्गामा समेत हरियाली विस्तार गरिने बताउनुभयो।

पर्यावरण अभियन्ता शर्माले वृक्षारोपण रोपेर मात्रै जिम्मेवारी पूरा नहुने उल्लेख गर्दै नियमित स्याहार र संरक्षण पनि गर्नुपर्ने बताउनुभयो। उहाँले वृक्षारोपणले वातावरणीय सन्तुलन कायम गर्न, गर्मीको प्रभाव कम गर्न तथा नगरको सौन्दर्य वृद्धिमा टेवा पुग्ने जानकारी दिनुभयो। उहाँले जनकपुरधामलाई स्वच्छ र हरियाली बनाउन स्थानीय नागरिकले पनि सहयोग गर्नुपर्ने बताउनुभयो।

## मोटरसाइकल चोरी भएको सूचना

२०८३ असार ६ शनिबार रोड नं २ को सरगम एफ एम को अगाडी साँझ ८:३० बजे websurfer नेट को तल प्यासेज बाट चोरी भएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मलाई सम्पर्क गरी उपलब्ध गराई दिनहुन अनुरोधका लागि यो सूचना जारी गरिन्छ।

प्रदेश २-०१-००१ प ७९४

इन्जिन नं.: JA05EGK9L36608

चेसिस नं.: MBLJAR032K9B47275

कम्पनी : हिरो मोटरसाईकल

सवारी मोडेल : सुपर स्प्लेण्डर

बनेको वर्ष : २०१९

नाम : दिपक कुमार साह




छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।




मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८४२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)